मर्कन्टाईल एक्सचेन्ज नेपाल लिमिटेड
जहाँ गर्छ राष्ट्रले कारोबार
आइ.एस.ओ. ९००१:२०१५ बाट मान्यता प्राप्त एक्सचेन्ज

# ब्रोकर-ग्राहक सम्झौता पत्र

यो सम्झौता-पत्र ______________________________ (ठाउँ) मा, ______________________ (मिति) विक्रम सम्वत्‌मा तदअनुरुपको ई.स ______________________ मा कार्यान्वयन भएको छ ।

______________________________________________ (ब्रोकरको नाम)

र

______________________________________________ (ग्राहकको नाम)

का बिचको सम्झौता ।

“ब्रोकर” र “ग्राहक” दुबैलाई व्यक्तिगत रुपमा ‘पक्ष’ र सामुहिक रुपमा ‘पक्षहरु’ भनिने छ र यस सम्झौता पत्रमा सन्दर्भ विरुद्ध नभए सम्म वा अन्यथा अर्थ नलागे सम्म ‘ब्रोकर’ र ‘ग्राहक’ ले ब्रोकर र ग्राहकको उत्तराधिकारी, कानूनी प्रतिनिधिहरु वा आधिकारिक व्यक्तिहरु पनि बुझाउने छ ।

**जबकि**

क) ब्रोकर मर्कन्टाईल एक्सचेन्ज नेपाल लिमिटेड (यहाँ यसपश्चात् “**एक्सचेन्ज**” भनिनेछ) मा दर्ता भएको इजाजत प्राप्त ब्रोकर हो ।

ख) ग्राहक एक्सचेन्जमा स्विकृत वस्तुहरु वा करारहरुको कारोबार गर्न इच्छुक छ र ग्राहकले त्यसका लागि दर्ता फारम र अरु आवश्यक कागजातहरु ब्रोकरलाई बुझाएको छ ।

ग) ब्रोकर, ग्राहकले बुझाएको व्यक्तिगत तथा आर्थिक विवरणबाट सन्तुष्ट छ र यस सम्झौता पत्रमा नियम र शर्तहरु बमोजिम ग्राहक दर्ता गर्न सहमत छ ।

**अब पक्षहरु निम्नानुसार गर्न सहमती जनाउँदछन् ।**

**१. ग्राहक दर्ता**

१.१. ब्रोकरले ग्राहकलाई यस सम्झौता पत्र अनुसार ग्राहकका रुपमा दर्ता गर्दछ/हुन अनुमति दिन्छ ।

१.२. ग्राहकको दर्ता यस सम्झौता पत्रको मिति देखि लागु हुनेछ र यस सम्झौता अनुसार समाप्ति नगरिएसम्म वैध रहनेछ ।

**२. ग्राहकको प्रतिनिधित्व**

२.१ दर्ता प्रक्रियाका लागि ग्राहकले दिएको सम्पूर्ण जानकारी सत्य र सही छन् र ग्राहकसँग एक्सचेन्जमा कारोबार गर्नका लागि आर्थिक स्रोत र क्षमता छ ।

२.२ ग्राहकले एक्सचेन्जका नियमावली र सम्पूर्ण नियम विनियम पढेको र बुझेको छ र साथसाथै सो नियमावली र नियम, विनियमसँग प्रतिबद्धता जनाउँदछ । ग्राहकले यस सम्झौता पत्रमा सम्मिलित जोखिम उल्लेख गरिएको दस्तावेज पनि पढेको र बुझेको छ ।

२.३ ग्राहकले कारोबारसँग सम्बन्धित सम्पूर्ण जोखिम बुझेको छ । कारोबारमा हुन सक्ने जोखिम तथा नोक्सानको प्रकार र सम्भावना तथा सबै व्यापारिक नोक्सानहरुको एकल जिम्मेवारी ग्राहकमा निहीत हुने सत्यबारे ब्रोकरले ग्राहकलाई, ग्राहकको मातृभाषामा बुझाएको छ ।

२.४ ग्राहकले ब्रोकरलाई सम्पूर्ण शुल्क, सेवा शुल्क तथा कारोबार कार्यान्वयनका लागि आवश्यक मार्जिन जमानत अग्रिम रुपमै भुक्तानी गर्नेछ र साथसाथै ग्राहकले गरेको सम्पूर्ण कारोबार/व्यापारको हिसाब मिलानका लागि आवश्यक रकम तिर्नेछ । ग्राहकको खातामा रहेको वा जम्मा गरिएको सम्पूर्ण धरौती तथा निक्षेपहरु ब्रोकर र एक्सचेन्ज वा क्लियरिङ्ग हाउसतर्फको सम्पूर्ण दायित्वबाट छुटकाराका लागि अनिवार्य हुनेछन् ।

२.५ ग्राहकले, ब्रोकरको सुरक्षणका निमित्त ग्राहकको कुनै वस्तु र करार खरिद गर्न, बिक्री गर्न, बन्द गर्नका लागि ब्रोकरलाई पूर्ण अधिकार दिन र कुनै अंश वा सबै करार क्लियरिङ्ग सदस्य वा क्लियरिङ्ग हाउस/एक्सचेन्जमा स्थानान्तरण गर्न पनि मञ्जुर गरेको छ । यस सन्दर्भमा ब्रोकरले गरेको कारोबारको कार्यमा भैपरी आउने कुनै खर्च वा ब्रोकरले गरेको कुनै वा सबै खर्च फिर्ता दिन समेत ग्राहकले मञ्जुरी जनाएको छ ।

२.६ ग्राहकले एक्सचेन्जमा कारोबार गर्दा कुनै पनि अस्वस्थ तथा अमर्यादित रुपमा सहभागी नहुन वा हुने प्रयत्न नगर्ने समेत मञ्जुरी जनाएको छ ।

२.७ ग्राहकले अधिकार तथा निर्देशन दिएको खण्डमा उक्त ग्राहकको तर्फबाट ब्रोकरले गरेको कारोबारमा, कारोबार सम्बन्धित कुनै पनि नोक्सानका लागि ब्रोकरलाई जिम्मेवार वा उत्तरदायी नठहऱ्याउन मञ्जुरी जनाएको छ ।

**३. ब्रोकरको प्रतिनिधित्व**

३.१ दर्ता भइसकेपछि र निर्धारित कारोबार जमानत तथा सेवा शुल्क तिरेको रसिद प्राप्त भइसकेपछि ब्रोकरले क्लियरिङ्ग हाउसलाई, ग्राहकलाई एक्सचेन्जको कारोबारस्थल प्रयोग गर्ने अनुमति तथा अनलाइन कनेक्टिभिटी दिन मञ्जुरी जनाएको छ ।

३.२ ग्राहकले आफूले कारोबार गरेको/खाताको विवरणका माग गरेको खण्डमा ब्रोकरले क्लियरिङ्ग हाउसलाई सो प्रदान गरिदिन आग्रह गर्न मञ्जुरी जनाएकोछ ।

**ग्राहकको हस्ताक्षर:** ______________________ **ब्रोकरको हस्ताक्षर र छाप:** ______________________

**४. क्षतिपूर्ति**

ग्राहकको ढिलासुस्तीको कारणले, कुनै भूलचूक अथवा एक्सचेञ्ज र क्लियरिङ्ग हाउसको नियमावली, नियम, उपनियम आदिको अवज्ञा अथवा अरु कुनै कारणले कुनै नोक्सानी वा हानी भएमा, ब्रोकर विरुद्ध कुनै कारवाही नचलाई ग्राहकले सोको क्षतिपूर्ति वेहोर्नु पर्नेछ । ग्राहकले ब्रोकरलाई कुनै किसिमको निक्षेप वा लागत, नोक्सानी तथा खर्चबाट पनि मुक्त राख्दछ ।

**५. समाप्ति**

५.१. कुनै पक्षले यो सम्झौता समाप्त गर्न चाहेमा अर्को पक्षलाई ३०(तीस) दिनको सूचना दिई सम्झौता समाप्त गर्न सक्नेछन् ।

५.२. सम्झौता समाप्तिको मिति पुर्व पक्षहरु बीच अर्जित भएको अधिकार र दायित्वमा कुनै पनि प्रभाव पर्ने छैन र एक्सचेञ्जको नियमावली र नियमहरु अन्तर्गत्, क्लियरिङ्ग हाउस र एक्सचेञ्जप्रति पक्षहरुको दायित्वमा पनि कुनै प्रभाव पर्ने छैन ।

५.३. माथिका बुँदाहरुका बाहेक यदि ग्राहक टाट पल्टेमा वा ग्राहकले एक्सचेञ्ज वा क्लियरिङ्ग हाउसको हित विरुद्ध वा देशको कानून विरुद्ध कुनै कार्य गरेमा, विना कुनै पूर्व सूचना एक्सचेञ्ज, क्लियरिङ्ग हाउस, क्लियरिङ्ग सदस्य र ब्रोकरले यो सम्झौता पत्रलाई खारेज गर्न सक्नेछन् ।

५.४. ग्राहक टाट पल्टेको वा मृत्यु भएको अवस्थामा वा ग्राहक अन्य कुनै कारणले चालू कारोबार राफसाफ गर्न असक्षम भएमा ब्रोकरले एक्सचेन्जको स्विकृतीमा क्लियरिङ्ग हाउसलाई त्यस्तो ग्राहकको कारोवार बन्द गर्ने अनुरोध गर्नेछ र यस्तो अवस्थामा कुनै पनि हानी, रकम, क्षति, वैधानिक र कानूनी शुल्क यदि कुनै तिर्नु/बुझाउनु परेमा वा उपरोक्त कार्यबाट कुनै भैपरि आउने खर्च भएमा पनि ग्राहक र उसका कानूनी प्रतिनिधी उत्तरदायि हुनेछन् ।

**६. सम्बद्ध कानून र क्षेत्राधिकार**

यस सम्झौता अन्तर्गत् गरिएको सवै प्रकारको व्यापार, कारोवार र करार एक्सचेन्जको नियमावली, नियम, उपनियमको अधिनमा रहि गरिएको मानिने छ र यस सम्झौता अन्तर्गत् कारोवारका सम्वन्धमा कुनै विवाद उत्पन्न भएमा पक्षहरुले कारोवार गरेको स्थान वा सम्झौता कार्यान्वयन गरेको स्थान जहाँ सुकै भएता पनि त्यस्तो विवादको समाधानको क्षेत्राधिकार काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका अन्तर्गत्को सो विवाद हेर्ने कार्यालय, अदालतमा रहने छ र उक्त सम्झौता काठमाण्डौमा गरेको मानिनेछ ।

**७. विवादको समाधान**

७.१. पक्षहरुले यस सम्झौता अन्तर्गत् उत्पन्न विवाद, दावी समाप्ती विवाद, मतभेद, धोखा आदिको समाधानका लागि सौहार्दपूर्ण किसिमबाट सुल्झाउन प्रयत्न गर्ने छन् ।

७.२. सम्झौता अन्तर्गत् पक्षहरु बीच उत्पन्न कुनै दावी, मतभेद वा धोखा समाप्ती वा अमान्य विवादहरु यदि सौहार्दपूर्ण र मैत्रीपूर्ण वातावरणमा समाधान नभएमा कुनै पक्षले एक्सचेन्जको मध्यस्थता नियम अनुसार समाधान गर्न प्रेषित गर्नेछन् । त्यस्तो मध्यस्थताका लागि आधिकारिक भाषा अंग्रेजी हुनेछ र मध्यस्थता हुने स्थान एक्सचेन्जको परिसर वा एक्सचेन्जले निर्धारित गरेको स्थान हुनेछ ।

**८. भाषा**

पक्षहरुले आफ्नो सुविधा प्रयोजनका लागि र यस सम्झौतामा लेखिएका दफाहरु, धाराहरु व्याख्या तथा परिभाषित गर्न यो सम्झौता अन्य भाषामा अनुवाद गर्न सक्नेछन् र पक्षहरुले उत्पन्न विवाद आपसी समझदारीका आधारमा समाधान गर्न प्रयोग गरेको भाषाका लागि यो सम्झौताको अंग्रेजी भाषाको सम्झौता पत्र मान्य हुनेछ ।

**९. घोषणा**

ग्राहकले यस सम्झौता तथा एक्सचेन्जका नियमावली, नीति नियम, जोखिम प्रकटिकरण दस्तावेजका सबै विषय वस्तु र एक्सचेन्जमा कारोबार गर्दा हुन सक्ने सम्भावित जोखिम तथा नोक्सान आफ्नो मातृभाषामा नै बुझेको घोषणा गर्ने ।

________________________________________

________________________________________

________________________________________

साक्षीको उपस्थितिमा माथि उल्लिखित मितिमा यो सम्झौता कार्यान्वयन भएको छ ।

**ब्रोकर**

नाम: ____________________ दर्ता नं.: ________________

हस्ताक्षर: ____________ पद: ____________ छाप/स्ट्याम्प: ____________

**ग्राहक**

नाम: ____________________

हस्ताक्षर: ____________ औंठाको छाप:

(छाप, यदि संस्था भएमा):

| दायाँ | बायाँ |
|---|---|
| | |

**साक्षीहरु:**

१. ____________________

२. ____________________

*द्रष्टव्य: माथि नेपालीमा उल्लेख गरिएको मूलप्रति अंग्रेजीको नोटरी पब्लिकबाट भएको नेपाली अनुवाद हो र बजार सहभागीहरूको सहजताका लागि उपलब्ध गराईएको हो । मूलप्रति र अनुवादमा कुनै फरक पर्न गएमा अंग्रेजीको मूलप्रति नै आधिकारिक मानिनेछ ।*

मर्कन्टाईल एक्सचेन्ज नेपाल लिमिटेड
जहाँ गर्छ राष्ट्रले कारोबार
आइ.एस.ओ. ९००१:२०१५ बाट मान्यता प्राप्त एक्सचेन्ज

# जोखिम प्रकटिकरण दस्तावेज

**(यो निम्न लिखत एक्सचेन्जमा कारोवार प्रारम्भ गर्नु अघि प्रत्येक सम्भाव्य ग्राहक (पक्ष) ले पढ्नु, स्वीकार गर्नु र सहिछाप गर्नु पर्नेछ र मर्कन्टाईल एक्सचेन्ज नेपाल लिमिटेडको नियमावली, नियम उपनियम सँगको संयोजनमा रहि अध्ययन गर्नु पर्ने छ ।)**

१. यो संक्षिप्त लिखतले सबै प्रकारको कारोबारिक जोखिमहरुलाई र कारोबारको महत्वपूर्ण पक्षहरुलाई देखाएको छैन । जोखिमको दृष्टिकोणबाट तपाई त्यस्तो कारोवार तवमात्र गर्न सक्नु हुन्छ जव करारको प्रकृति र आफूले गर्न लागेको करारले आफूले लिन सक्ने सम्भाव्य जोखिम वीचको अन्तर थाहा पाउनु हुनेछ । कारोवारमा नोक्सानको जोखिम महत्वपूर्ण हुन सक्छ । तपाईले आफ्नो अनुभव, उद्देश्य, आर्थिक स्रोत र आफूसँग भएको अन्य सम्भाव्य अवस्थाबाट आफूले गर्न चाहेको कारोवार आफ्नो लागि उपयुक्त छ वा छैन भनी राम्रोसँग विचार गर्नु पर्दछ । यसकारण, व्यापारले आवश्यक ज्ञान र आर्थिक स्रोतमात्र खोज्दैन बरु आर्थिक र भावनात्मक नियत वा विचार पनि चाहेको हुन्छ । एक्सचेन्जमा गरिएको कारोबारमा कुनै पनि परिणामका नोक्सानलाई ग्राहक (पक्ष) स्वयम् पूर्ण रुपमा जिम्मेवार हुनु पर्नेछ र ग्राहकले आफूलाई ब्रोकरले जोखिम वा नोक्सान बारे जानकारी गराएको थिएन, त्यस्तो हुन्छ भन्ने थाहा थिएन, बताइएको थिएन भन्न पाउने छैन । त्यसरी ग्राहक (पक्ष) ले कारोबारमा भएको नोक्सान वा परिणामका लागि ऊ स्वयम पूर्ण रुपमा जिम्मेवार हुनेछ र यस सन्दर्भमा कुनै पनि करार रद्द हुने वा खारेज हुने छैन ।

**<u>एक्सचेञ्जको कारोबारमा समावेश जोखिम</u>**

२. “Leverage” को प्रभावः मार्जिन राशि करारको मूल्य भन्दा कम भएकोले यस्तो लेनदेन वा कारोबारलाई “leveraged” वा “geared” भनिन्छ । कम मार्जिनले कारोबार संचालन हुने भएकोले, प्रमुख लगानी रकमको तुलनामा ठूलो नाफा वा नोक्सान हुने सम्भावना हुन्छ । तर व्यापारको कारोवारले पनि उच्च जोखिम बोक्दछ । त्यसकारण तपाईले वास्तविक रुपमा कारोवार गर्नु अघि निम्न कुराहरु पूर्ण रुपमा सम्फनु, बुभ्नु पर्दछ । कारोबार गर्दा एक व्यक्तिले आर्थिक स्रोत, परिस्थिति, अवस्था ध्यान दिई सावधानीपूर्वक गर्नु पर्दछ । यदि मूल्य तपाईको विरुद्धमा गएमा कम समयमै तपाईले एक हिस्सा वा साँवा धन वरावरको सम्पूर्ण राशी (परिमाण) गुमाउन सक्नु हुनेछ । नोक्सानको राशी वास्तविक मार्जिन राशीको परिमाण भन्दा वढी हुन सक्नेछ ।

३. कारोबारमा दैनिक सबै प्रकारको अवस्थाको (हिसाव मिलान) फछ्यौंट हुने गर्दछ । हरेक दिन, बन्द स्तरमा आधारित खुला कारोबारलाई मार्क-टू-मार्केट गरिनेछ । यदि बजार वन्द हुँदाको सुचि तपाईको विरुद्ध भएमा तपाईको हुन सक्ने नोक्सानको परिमाणको रकम जम्मा गर्नुपर्ने हुन्छ । यो धनरासीको परिमाण तपाईलाई दिईएको निश्चित समय सीमा भित्र भुक्तानी गर्नुपर्नेछ र यो सामान्यतया अर्को दिनको कारोवार प्रारम्भ हुनु भन्दा अघि जम्मा गर्नुपर्ने हुन्छ ।

४. यदि तपाईले तोकिएको समय सीमा भित्र थप धरौटी रकम जम्मा गर्न सक्नु भएन भने वा तपाईले आफ्नो खातामा जम्मा गर्नु पर्ने रकम बाँकी देखिएमा क्लियरिङ्ग हाउसले तपाईको एक वा सबै कारोबार वन्द गर्न सक्नेछ । त्यस्तो अवस्थामा सो वन्द भएको कारणले हुन गएको नोक्सानका लागि तपाई स्वयम जिम्मेवार हुनु हुनेछ ।

५. बजारको निश्चित अवस्था अन्तर्गत्, पक्षले आफ्नो कारोवार कार्यान्वयन गर्न असम्भव र कठिनाई महसुस गर्न सक्दछ । उदाहरणका लागि बजारमा तरलताको अभाव अर्को शब्दमा पर्याप्त बोली र प्रस्ताव (bid and offer) को अभाव रहेको, प्रस्ताव कम रहेको वा मूल्यको स्थिरता, वा सर्किट ब्रेकरको आदिको कारणले कारोवार निलम्वन भएको अवस्था ।

६. बजारको स्थिरता कायम राख्ने क्रममा निम्न कदमहरु अपनाउन सकिनेछ । मार्जिनमा (परिमाण) परिवर्तन, नगद मार्जिन दरमा वृद्धि वा अन्य अरु कदमहरु । विद्यमान खुला कारोबारमा यी नवीन तारिकाहरु लागू गर्न सकिनेछ । यस्तो अवस्थामा तपाईसँग थप मार्जिन (परिमाण) रकम माग गर्न वा तपाईको कारोबारहरु घटाउन लगाउन सकिनेछ ।

७. तपाईले आफ्नो ब्रोकरसँग आफूले गर्न चाहेको अर्थात् करारको किटान, विस्तृत विवरण र सो सँग सम्वन्धित दायित्वहरु माग गर्नु पर्दछ ।

**<u>जोखिम कम गर्ने आदेश वा रणनिति</u>**

८. निश्चित आदेशहरु गर्ने (उदाहरणका लागि “नोक्सान समाप्त गर्ने आदेश - स्टप लस वा अवरोध वा बाधा हटाउने आदेश-स्टप लिमिट) जसको अभिप्राय निश्चित रकम नोक्सान हुनबाट सिमित गर्नु हो । यस्तो आदेश कार्यान्वयन नहुन पनि सक्छ । किनभने बजारको अवस्थाले तपाईको आदेश कार्यान्वयन हुन असंभव पनि हुन सक्छ । विभिन्न किसिमका कारोबारहरुको समिश्रण गरी बनाइएको रणनिती, सामान्य खरिद वा बिक्रीको रणनिती जतिकै जोखिमपूर्ण हुन सक्छ ।

**<u>कारोबारको बन्देज वा निलम्वन र मूल्यको सम्बन्ध</u>**

९. बजारको अवस्थाहरु (उदाहरणका लागि तरलताको अभाव भएको अवस्था) र बजारमा निश्चित नियमहरु संचालनमा रहेको अवस्था (उदाहरणका लागि कुनै व्यापारिक करारको सर्किट ब्रेकरको कारणबाट महिनासम्म निलम्वन वा कुनै करारको व्यापारिक कारोवार नभएको अवस्था) आदि अवस्थामा कारोबार परिसमापन/offset गर्न असक्षम भएमा नोक्सानको जोखिम बढ्न सक्दछ ।

**<u>नगद धरौटी र सम्पत्ति</u>**

१०. तपाईले टाठ पल्टेको अवस्थाको सुरक्षा गर्नका लागि धरौटीको रुपमा राखेको नगद रुपैया वा सम्पत्तिको बारेमा सुपरिचित हुनु पर्दछ, जान्नु पर्दछ, तपाईलाई जानकारी हुनु पर्दछ । तपाईले त्यस्तो अवस्थामा वेहोर्न पर्ने दायित्व र त्यस पश्चात् आफ्नो बांकी सम्पत्ति स्थानीय नियम र विशेष नियम अनुसार प्राप्त गर्न सक्नु हुनेछ । ग्राहक, सदस्य, क्लियरिङ्ग हाउस वा एक्सचेन्जसंग कुनै विवाद उत्पन्न भएमा सोको समाधान एक्सचेन्जको मध्यस्थता नियम मुताविक गरिनेछ ।

**<u>कमिशन र अन्य शुल्कहरु</u>**

११. कारोबार सुरु गर्नुभन्दा पहिले, तपाईको दायित्व भित्र पर्ने र तपाईंले तिर्नु र बुझाउनु पर्ने सबै प्रकारको कारोबार शुल्क/कमिशन र अन्य शुल्कको स्पष्ट विवरण प्राप्त गर्नु पर्दछ । यी तिर्नु र बुझाउनु पर्ने रकम वा शुल्कले तपाईको खुद आयमा प्रभाव पर्नेछ वा नोक्सान वढाउन सक्नेछ ।

**<u>कारोबार सुविधाहरु</u>**

१२. एक्सचेन्जले विद्युतिय कारोबार सुविधा (अनलाईन कारोबार सुविधा) मात्र प्रदान गरेको छ जुन कम्प्युटरमा आधारित आदेश तालिका, कार्यान्वयन, रुजु, दर्ता वा कारोबार राफसाफसँग मात्र सम्वन्धित छ । यी सबै प्रकारका सुविधा र प्रणाली केही समयका लागि काबु बाहिरको परिस्थितिका कारण असफल, अवरोधक वा अप्ठ्यारो वा नोक्सान हुन सक्ने सुविधा र प्रणाली हुन् त्यस्तो परिस्थितिका कारणले हुन सक्ने वा हुन गएको नोक्सान फिर्ता पाउनु केही हदसम्म प्रणाली प्रदायक तथा बजारको क्षमता तथा सीमामा पनि आधारित रहन्छ । तपाईले यस सम्वन्धमा आफ्नो ब्रोकरलाई विस्तृत रुपमा सोध्न सक्नु हुनेछ ।

*द्रष्टव्यः लिखतले सबै प्रकारको जोखिम तथा कारोबारमा हुने सबै जोखिम र अरु महत्वपूर्ण विषयहरूलाई खुलाएको छैन । त्यसैले कुनै पनि पक्ष यस व्यापारमा सहभागी हुनु अघि यस कारोवारका बारेमा सावधानि पूर्वक अध्ययन गर्नु र जानकारी प्राप्त गर्नु पर्छ ।*

मैले/हामीले एक्सचेन्जसँग कारोबार गर्दा हुन सक्ने जोखिम र यसका साथै जोखिम प्रकटिकरण दस्तावेजका सबै विषय वस्तु पढेको र बुझेको छु भनी स्वीकार गर्दछु/छौं ।

**(जोखिम प्रकटिकरण दस्तावेजका सबै विषय वस्तु र त्यसको अर्थ मलाई /हामीलाई मेरो/हाम्रो ब्रोकरले स्थानीय भाषामा बुझाएको छ र म/हामी त्यसको पालना गर्न सहमत छु/छौं ।)**

| | |
|---|---|
| ______________________________ | ब्रोकरको आधिकारिक व्यक्तिको उपस्थितिमा |
| ग्राहकको हस्ताक्षर | हस्ताक्षरः ______________________________ |
| (छाप, यदि संस्था भएमा): | छापः |
| मितिः ______________________________ | मितिः ______________________________ |

*द्रष्टव्यः माथि नेपालीमा उल्लेख गरिएको मूलप्रति अंग्रजीको नोटरी पब्लिकबाट भएको नेपाली अनुवाद हो र बजार सहभागीहरूको सहजताका लागि उपलब्ध गराईएको हो । मूलप्रति र अनुवादमा कुनै फरक पर्न गएमा अंग्रेजीको मूलप्रति नै आधिकारिक मानिनेछ ।*